// # प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) सुर्खेत, फागुन ५ गते, २०७६ साल (अतिरिक्ताङ्क १३

## भाग २

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

## कर्णाली प्रदेश प्रसारण नियमावली, २०७६

कर्णाली प्रदेश प्रसारण ऐन, २०७५ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "कर्णाली प्रदेश प्रसारण नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "इजाजतपत्र" भन्नाले कार्यक्रम प्रसारण गर्नको लागि ऐन तथा यस नियमावली बमोजिम दिइने प्रसारण इजाजतपत्र र कार्यक्रम उत्पादन समेतलाई सम्झनुपर्छ ।

(ख) "उपभोक्ता" भन्नाले ऐन तथा यस नियमावली बमोजिम सेवा लिने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले कर्णाली प्रदेश प्रसारण ऐन, २०७५ सम्झनुपर्छ ।

(घ) "कार्यक्रम" भन्नाले श्रव्य वा श्रव्यदृश्य माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रमलाई सम्झनुपर्दछ ।

(ङ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्दछ ।

(च) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार सम्झनुपर्दछ ।

(छ) "प्रसारक" भन्नाले प्रसारक संस्थाका सञ्चालक, व्यवस्थापक, कार्यक्रम उत्पादक तथा प्रस्तोतालाई सम्झनुपर्छ ।

(ज) "प्रसारण संस्था" भन्नाले यस नियमावलीको अधिनमा रही कार्यक्रम प्रसारण गर्न इजाजत प्राप्त व्यक्ति वा संगठित संस्थालाई सम्झनु पर्छ।

(झ) "प्रसारण सेवा" भन्नाले रेडियो, एफ.एम र टेलिभिजनका माध्यमबाट आम जनताले जानकारी पाउन सक्ने गरी प्रसारण गरीने सेवालाई सम्झनुपर्छ ।

(ञ) "महाशाखा" भन्नाले मन्त्रालयको सुचना तथा संचार महाशाखा सम्झनुपर्छ ।

(ट) "फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणाली" भन्नाले फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रविधि प्रयोग गरी प्रसारण संस्थाले रेडियो, एफ.एम. र टेलिभिजन प्रविधिका लागि तोकिएको च्यानलबाट गरिएको प्रसारण सम्झनुपर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(ड) "सञ्चालक" भन्नाले संञ्चार माध्यम सञ्चालन गर्न अनुमति प्राप्त संगठित संस्थाको कार्य समितिको पदाधिकारी वा सदस्यलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## <u>प्रसारण संस्थाको सञ्चालन र व्यवस्थापन</u>

३. **<u>प्रसारण अनुमति, संचालन, प्रसारण, रेखदेख र नियमन</u>** : (१) ऐनको दफा ३ बमोजिम रेडियो, एफएम र केवुल टेलिभिजनको नियमन मन्त्रालयले गर्नेछ ।

४. **<u>इजाजतपत्रको लागी निवेदन दिनु पर्ने</u>** : १) ऐनको दफा ५ बमोजिम एफ. एम. रेडियो र स्याटेलाईट प्रणालीबाट प्रसारण

हुने बाहेकको केबुल टेलिभिजन र अन्य सञ्चार माध्यमले कुनै कार्यक्रम प्रसारण गर्न इजाजत लिन चाहने व्यक्ति वा संगठित संस्थाले इजाजतपत्रका लागि अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

५. **इजाजत दिन सकिने** : (१) ऐनको दफा ५ बमोजिम परेको निवेदन ऐनको दफा ७ बमोजिम जाँचबुझ गर्दा इजाजत दिन उपयुक्त ठहर्याएमा अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र दिन सकिनेछ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र प्राप्त गरेका रेडियो, एफएम र टेलिभिजनले कार्यक्रम प्रसारण गर्दा देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ :-

(क) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिको सहमति लिनु पर्ने,

(ख) इजाजतपत्रमा उल्लिखित कार्यक्रम बाहेकका अन्य कुनै कार्यक्रम प्रसारण वा वितरण गर्न नपाइने,

(ग) आपतकालीन वा प्राकृतिक विपदको समयमा मन्त्रालयबाट निर्देशन भए बमोजिमको सरकारी सूचनाहरु निशुल्क प्रसारण गर्नु पर्ने,

(घ) कार्यक्रम प्रसारण वा वितरण गर्दा कसैको व्यक्तिगत घर कम्पाउण्ड वा सार्वजनिक जग्गा वा सडक, बिजुलीको खम्बा आदि प्रयोग गर्नु पर्ने भए

सम्बन्धित व्यक्ति वा निकायसँग सम्झौता गर्नु पर्ने,

(ङ) सःशुल्क च्यानलको सिग्नल माग गर्ने इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई समान रुपमा सिग्नल उपलब्ध गराउनु पर्ने,

(च) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्ति र उपभोक्ताबीच कार्यक्रम वितरण वा उपभोग गर्ने सम्बन्धमा सम्झौता गर्नु पर्ने,

(छ) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको आरम्भ, मध्य र अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनु पर्ने,

(ज) प्रसारण संस्थाले प्रसारण गर्ने समाचारमूलक सामग्री सत्य तथ्य र निष्पक्षतामा आधारित भएर प्रसारण गर्नुपर्नेछ,

(झ) लोक कल्याणकारी समाचारमूलक सामग्री प्रसारणमा प्राथमिकता दिनु पर्ने,

(ञ) समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता तथा अखण्डतामा कुनै पनि किसिमले असर नपर्ने गरी प्रसारण गर्नु पर्ने,

(ट) सेवा सुविधा तोक्दा प्रचलित बजार दर भन्दा बढी तोक्न नपाइने ।

६. **<u>दस्तुर सम्बन्धी व्यवस्था</u>** : (१) ऐनको दफा ७ (१) बमोजिम इजाजतपत्र लिन चाहने व्यक्ति वा संस्थाले अनुसूची-२ मा तोकिएबमोजिमको दस्तुर बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दस्तुर बुझाएको एकप्रति भौचर मन्त्रालयमा बुझाउनु पर्नेछ।

७. **<u>प्रसारणको अनुमति सम्बन्धी व्यवस्था</u>** : (१) कुनै व्यक्ति वा संगठित संस्थाले ऐनको दफा ९ बमोजिम स्याटेलाईट टेलिभिजन बाहेकको प्रसारण केन्द्र स्थापना गरी प्रसारण गर्न चाहेमा अनुमतिको लागि मन्त्रालयमा निवेदन दिँदा ऐनमा भएको व्यवस्थाको अतिरिक्त देहायका कागजातहरु संलग्न गर्नु पर्नेछः-

(क) सम्बन्धित इञ्जिनियरले हस्ताक्षर गरेको आर्थिक, प्राविधिक तथा व्यावसायिक अध्ययन प्रतिवेदन

(ख) रीतपुर्वक गरिएको घरबहाल सम्झौता, घरधनीको जग्गाधनी लालपुर्जाको प्रमाणित प्रतिलिपि, चार किल्लाको मञ्जुरीनामा

(ग) जिओ कोर्डिनेट्स खुलेको टोपोग्राफिक नक्सा,

(घ) मुल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भएको प्रमाणित प्रतिलिपि,

(ङ) प्रसारण संस्था वा कम्पनीको तर्फबाट प्रसारण इजाजतपत्र लिने काम कारवाही गर्न अख्तियारी दिएको कागज,

(च) केबुल टेलिभिजनबाट प्रसारण गर्न केवुल वितरकसँग गरेको सम्झौताको प्रतिलिपि।

(२) ऐनको दफा ९ को उपदफा (३) बमोजिम कुनै व्यक्ति वा संगठित संस्थाले एफ. एम. रेडियो दर्ता गर्न चाहेमा अनुमतिका लागि मन्त्रालय समक्ष निवेदन दिँदा उपनियम (१) मा उल्लिखित कुराहरुका अतिरिक्त देहायका कागजातहरु पेश गर्नु पर्नेछः-

(क) यस अघि एफ.एम. को इजाजतपत्र लिएको भए सो इजाजतपत्रको प्रमाणित प्रतिलिपि,

(ख) कार्यक्षेत्र स्वीकृति सम्बन्धी पत्रको प्रमाणित प्रतिलिपि ।

(३) उपनियम (१) र (२) बमोजिमको निवेदन र अनुमति दस्तुर अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ।

(४) उपनियम (१) र (२) बमोजिम पर्न आएको निवेदन जाँचबुझ गर्दा निवेदकलाई टेलिभिजन सम्बन्धी कार्यक्रम प्रसारण गर्ने अनुमति दिन मनासिब देखिएमा मन्त्रालयले नियम ५ मा तोकिएका शर्तहरु पालना गर्ने गरी इजाजत दिन सक्नेछ।

(५) उपनियम (४) बमोजिम इजाजतपत्र दिदाँ अनुसूची-३ को ढाँचामा दिनु पर्नेछ।

८. **नवीकरण सम्बन्धी व्यवस्था** : (१) ऐनको दफा १० बमोजिम इजाजतपत्रको नवीकरण गर्दा देहायका कागजातहरु सहित मन्त्रालयमा निवेदन दिनु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्षको प्रसारण तथा वितरण शुल्क (रोयल्टी) बुझाएको भौचर,

(ख) इजाजत वा इजाजतपत्रमा उल्लेखित शर्त बमोजिम कार्यक्रम प्रसारण गरेको पुष्ट्याँई,

(ग) क्षमता वृद्धि वा ठाउँसारी गर्दा टोपोग्राफिक नक्सा र प्रस्ताव सहित दस्तुर बुझाएको प्रमाण ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र नवीकरण गर्दा इजाजतपत्र दिँदा लाग्ने दस्तुरको दश प्रतिशतले हुने रकम लिई मन्त्रालयले नवीकरण गरिदिन सक्नेछ।

(३) ऐन प्रारम्भ हुनु भन्दा अगाडि प्रचलित कानून बमोजिम प्रसारण गर्न इजाजतपत्र पाएका प्रसारण संस्थाले नवीकरण गर्दा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र पछिल्लो आर्थिक वर्षको आफ्नो वार्षिक आम्दानीको दुई प्रतिशतले हुन आउने रकम बुझाई नवीकरण गर्न सक्नेछ।

(४) उपनियम (२) बमोजिमको म्याद समाप्त भएपश्चात इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गर्न आएमा पहिलो एक महिनासम्मको लागि दश प्रतिशत, दोस्रो एक महिनासम्म बीस प्रतिशत, तेस्रो एक महिनासम्म तीस प्रतिशत, चौथो एक महिनासम्म चालीस प्रतिशत, पाँचौ एक महिनासम्म पचास प्रतिशत र छैठौ एक महिनासम्म शत प्रतिशत जरिबानासमेत लिई मन्त्रालयले त्यस्तो इजाजतपत्र तथा अनुमतिपत्र नवीकरण

गरी दिन सक्नेछ । ६ महिनाभित्र पनि इजाजतपत्र वा अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र स्वत रद्द हुनेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र वा अनुमतिपत्र प्राप्त कुनै प्रसारण संस्था वा व्यक्तिले बढीमा ५ बर्षको लागि एकै पटक इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गर्न मन्त्रालय समक्ष निवेदन दिएमा मन्त्रालयले प्रत्येक वर्षको लागि उपनियम (२) बमोजिमको दस्तुर लिई त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गरिदिन सक्नेछ । यसरी एकवर्ष भन्दा बढी अवधिको लागि एकैपटक इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गर्दा लाग्ने दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ ।यसरी एक वर्ष भन्दा बढी अवधिको नवीकरण एकै पटक गर्न परेमा आ.व सम्पन्न भएको तिस दिन भित्र वार्षिक प्रतिवेदन बुझाउनु पर्नेछ ।

(६) ऐन प्रारम्भ हुनु भन्दा अगाडि र प्रारम्भ भईसकेपछि प्रचलित कानून बमोजिम प्रसारण गर्न इजाजतपत्र पाएका प्रसारण संस्थाले अनुसूची-४ बमोजिमको ढाँचामा नवीकरणका लागि मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम निवेदन प्राप्त भएपछि महाशाखाले आवश्यक जाँचबुझ गरी अनुसूची -५ बमोजिमको नवीकरण प्रमाणपत्र प्रदान गर्नेछ।

(८) ऐनको दफा १० को उपदफा (३) बमोजिम कार्यक्रम प्रसारण गर्ने व्यक्ति वा संस्थाले नियम ६ को उपनियम (२) मा उल्लेखित शर्तहरु पालना गर्नु पर्नेछ ।

९. <u>प्रसारण तथा वितरण शुल्क (रोयल्टी) सम्बन्धी व्यवस्था</u>:

(१) अन्य प्रदेशमा प्रचलित कानून बमोजिम प्रसारण इजाजत लिइ कार्यक्रम प्रसारण गरेका संस्थाले यस प्रदेशमा समेत ट्रान्समिटर लगायतका उपकरण राखी वा नराखी छुट्टै स्टेशन स्थापना गरी प्रचलित कानून बमोजिम कार्यक्रम प्रसारण गर्न चाहेमा अनुमतिको लागि अनुसूची–१ वमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भईसकेपछि मन्त्रालयले निवेदन उपर आवश्यक जाँचबुझ गरी अनुसूची ३ बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ।

(३) कुनै प्रसारण संस्थाले कार्यक्रम वितरण गरी सञ्चालन गर्न चाहेमा आफूले गरेको वार्षिक कुल आम्दानीको दुई प्रतिशत रकम प्रसारण तथा वितरण शुल्क (रोयल्टी) वापत तोकिएको राजश्व खातामा बुझाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्रसारण शुल्क बुझाउँदा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिले प्रसारण शुल्कसाथ सो आर्थिक वर्षको लेखा परीक्षण सम्पन्न गरेको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

(५) उपनियम (३) बमोजिम प्रसारण तथा बितरण शुल्क नबुझाउने वा उपनियम (४) बमोजिमको लेखापरीक्षणको प्रतिवेदन पेश नगर्ने प्रसारण संस्था वा व्यक्तिका सम्बन्धमा प्रदेश सरकारले देहाय बमोजिम गर्न सक्नेछः-

(क) प्रदेश सरकारबाट उपलव्ध गराउने अनुदान वा विज्ञापनामा रोक लगाउन,

(ख) सञ्चार सामग्री एवं सो सँग सम्बन्धित कच्चा पदार्थ पैठारीमा रोक लगाउन सम्बन्धित निकायमा लेखी पठाउन,

(ग) वैदेशिक भ्रमणको क्रममा सरकारी भ्रमणदलमा सहभागी हुनबाट रोक लगाउन,

(घ) कार्यक्रम प्रसारण तथा वितरणमा रोक लगाउन ।

## परिच्छेद-३

## लगानी तथा हक हस्तान्तरण

**१०. लगानी** : (१) सञ्चार माध्यममा वैदेशिक लगानी सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम संघीय सरकारले सञ्चार माध्यमको प्रविधि र पूर्वाधारमा विदेशी लगानी खुला गरेको अवस्थामा देहायका शर्त तोकी त्यस्तो विदेशी लगानीलाई मन्त्रालयले मान्यता दिन सक्नेछः-

(क) सञ्चार माध्यममा कार्यरत पत्रकार, कामदार र कर्मचारी नेपाली नागरिक मात्र हुनुपर्ने,

(ख) नेपाली नागरिकको सम्पादकीय स्वतन्त्रता सुनिश्चित हुनुपर्ने ।

**११. स्वामित्व हस्तान्तरण** : (१) ऐनको दफा (५) बमोजिम इजाजतपत्र प्राप्त गरेको सञ्चार माध्यमको हक वा स्वामित्व हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो स्वामित्व प्राप्त गर्ने

व्यक्ति वा संस्थाले अनुसूची-६ को ढाँचामा सात दिनभित्र मन्त्रालयमा जानकारी दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको जानकारी प्राप्त भएपछि मन्त्रालयको महाशाखाले त्यस्तो विवरण अनुसूची -७ बमोजिमको दर्ता किताबमा दर्ता जनाई राख्नु पर्नेछ र अनुसूची -८ बमोजिमको ढाँचामा स्वामित्व हस्तान्तरण इजाजतपत्र दिनु पर्नेछ।

१२. **इजाजतपत्रको प्रतिलिपि दिने** : इजाजतपत्र हराएमा वा प्राकृतिक प्रकोपमा परी नासिएको कारण देखाई कसैले प्रतिलिपि माग गरेमा एक हजार रुपैयासम्म दस्तुर लिई त्यस्तो इजाजतपत्रको प्रतिलिपि महाशाखाले दिन सक्नेछ ।

१३. **विवरण बदल्न सक्ने** : (१) कसैले इजाजतपत्र तथा इजाजतपत्रमा उल्लेखित कुनै पनि विवरण परिवर्तन गर्न चाहेमा एक हजार रुपैया दस्तुरसहित मन्त्रालयमा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विवरण बदल्न दिएको निवेदन जाँचबुझ गर्दा मनासिव देखिए महाशाखाले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ ।

१४. **प्रसारण सम्बन्धी कार्य बन्द गर्न सक्ने** : (१) इजाजतपत्र प्राप्त प्रसारण संस्था वा व्यक्तिले कुनै कारणवस आफूले प्रसारण गर्दै आएको प्रसारण सम्बन्धी कार्य बन्द गर्न चाहेमा त्यो कुराको लिखित जानकारी एक महिना अगाडि नै मन्त्रालयमा दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रसारण सम्बन्धी कार्य बन्द गरेको जानकारी प्राप्त भएमा महाशाखाले सो को अभिलेख दर्ता कितावमा जनाई राख्नुपर्नेछ।

## परिच्छेद-४

## विविध

**१५.** <u>अनुगमन तथा सुपरीवेक्षण</u> **:** (१) मन्त्रालयले कुनै व्यक्ति वा प्रसारण संस्थालाई जरिवाना गर्दा वा ऐन तथा यस नियमावली वा इजाजतपत्रमा उल्लिखित शर्त बमोजिम प्रकाशन तथा प्रसारण गरे वा नगरेको सम्बन्धमा मन्त्रालयको अधिकार प्राप्त अधिकारीले सञ्चार संस्थाको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्दा इजाजतपत्रमा उल्लिखित शर्त बमोजिम प्रकाशन तथा प्रसारण गरेको नपाइएमा त्यस्ता सञ्चार संस्थालाई इजाजतपत्रमा उल्लिखित शर्तहरु पालना गर्न मन्त्रालयले निर्देशन दिन सक्नेछ।

(३) कुनै प्रसारण संस्थाले उपनियम (२) बमोजिम दिएको निर्देशन पालना नगरेको अवस्थामा मन्त्रालयले ऐनको दफा १५ बमोजिम कारबाही प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम कारवाही प्रक्रिया अगाडि बढाउँदा अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणमा देखिएका कैफियतहरु र त्यसको सुधार गर्न उपयुक्त समय दिई स्पष्टीकरण सोध्ने लगायत ऐनको दफा १५ बमोजिम सुनुवाईको मौका दिएर मात्र गर्नु पर्नेछ ।

१६. **<u>दर्ताको लागि सूचना आव्हान</u>** : (१) मन्त्रालयले ऐन प्रारम्भ हुनु अघि प्रसारण हुँदै आएका एफ. एम. रेडियो, टेलिभिजन, केवुल टेलिभिजन, केवुल प्रसारकको अभिलेखको लागि ३५ दिनको अवधि तोकी सूचना आव्हान गर्नेछ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र प्रदेश भित्र सञ्चालनमा रहेका एफ.फम रेडियो, टेलिभिजन, केबल टेलिभिजन, केवुल प्रसारकले मन्त्रालयमा अभिलेखीकरण गराई अद्यावधिक गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम अभिलेखीकरण नगराउने सञ्चार माध्यमलाई ऐन तथा यस नियमावली बमोजिम प्रदान गरिने कुनै पनि सेवा, सुविधा उपलब्ध गराइने छैन ।

१७. **<u>अनुसूचीमा हेरफेर र संशोधन</u>** : (१) मन्त्रालयले राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर र संशोधन गर्न सक्नेछ ।

१८. **<u>कार्यविधि बनाउन सक्ने</u>** : (१) यस नियमावलीको कार्यान्वयनको लागि आवश्यक विषयमा मन्त्रालयले कार्यविधि बनाई लागू गर्न सक्नेछ।

## अनुसूची -१

(नियम ३ को उपनियम (१) र नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

## स्याटेलाइट बाहेक प्रसारण सञ्चार माध्यम सञ्चालन इजाजतपत्रका लागि दिइने निवेदनको ढाँचा

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय
सूचना तथा संञ्चार महाशाखा
कर्णाली प्रदेश ।

प्रदेश कर्णाली प्रदेश प्रसारण नियमावली,२०७६ को नियम ३ बमोजिम एफ. एम. रेडियो/केवुल टेलिभिजन/ अन्य सञ्चार माध्यम सञ्चालन गर्ने इजाजतपत्र प्राप्त गर्नको लागि देहायको विवरणहरु खुलाई यो निवेदन पेश गरेको छु/छौं।

१ निवेदकको,

| (क) स्थायी ठेगाना | (ख) अस्थायी ठेगाना |
|---|---|
| प्रदेशः | प्रदेशः |
| जिल्लाः | जिल्लाः |
| .................पालिका | ............. पालिका |
| वडा नं.: | वडा नं.: |
| टोलः | टोलः |
| फोन नंः | फोन नंः |
| फ्याक्स नं.: | फ्याक्स नं.: |
| घर नं.: | घर नं.: |
| नागरिकता लिएको जिल्ला : | इमेल ठेगाना : |

नागरिकता नं. र नागरिकता जारी भएको मिति :

२ प्रसारण संस्था वा व्यक्तिको

(क) नाम :

(ख) आर्थिक स्थिति (स्थिर वा चालु पूँजी)

(ग) स्थापना हुने जग्गाको प्रमाणपत्र प्रतिलिपी वा कानून बमोजिम कवुलियतनामा

(घ) अनुभव :

(ङ) प्राविधिक दक्षता :

(च) संस्था दर्ता नं. (संस्थाको हकमा)

३ प्रसारण गरिने स्थान :

४ प्रसारण हुने क्षेत्र :

५ प्रसारण शुरु हुने मिति :

६ प्रसारणको माध्यम :

(क) डिजिटल

(ख) ब्याण्ड

(ग) च्यानल

(घ) एण्टेना

(ङ) ट्रान्समिटर

(च) अन्य सञ्चार माध्यम भए(प्रसारण गर्दा प्रयोग गरिने माध्यम खुलाउने)

७ प्रसारणको क्षमता :

८ प्रसारण गर्ने तरिका -

(क) डिजिटल प्रसारण केन्द्र स्थापना गरी प्रसारण गर्ने

(ख) डिजिटल प्रसारण केन्द्र स्थापना गरी अन्य केवुल प्रसारकलाई सिग्नल वितरण गर्ने

९ प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानेल :

१० प्रसारणमा प्रयोग गरिने चिन्ह, संकेत वा लोगो :

११ प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरु :

१२ प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसँग गरिएको सम्झौता :

१३ प्रसारणमा प्रयोग हुने भाषा :

१४ प्रसारणको समयावधि :

१५ प्रसारण गरिने कार्यक्रमहरु :

१६ स्थापना वा संचालन हुने क्षेत्रको चारकिल्ला सधियारको मन्जुरी पत्र ।

माथि लेखिएका व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको

सही:

नाम:

मिति:

## अनुसूची-२

(नियम ४ उपनियम (१), नियम ६ को उपनियम (३) सँग सम्बन्धित)

**<u>सञ्चार माध्यम सञ्चालनको निवेदन दिंदा र इजाजतपत्र तथा अन्य प्रमाणपत्र प्रदान गर्दा लाग्ने दस्तुर</u>**

(१) **एफ. एम. रेडियोको लागिः-**

(क) निवेदन बापतको दस्तुर

(अ) फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणाली स्थापना गर्नको लागि - दुई हजार रुपैंया

(ख) इजाजतपत्र बापतको दस्तुर

(ख) फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रस्तुत गर्नको लागिः

- १०० वाट भन्दा माथि २५० वाट सम्मको लागि एक लाख पचास हजार रुपैँया
- २५० वाट भन्दा माथि ५०० वाट सम्मको लागि तिन लाख रुपैँया
- ५०० वाट भन्दा माथि १००० वाट सम्मको लागि सात लाख पचास हजार रुपैया

(२) **टेलिभिजन प्रसारण केन्द्र (स्याटेलाईट बाहेक) स्थापनाको अनुमतिको लागि निवेदन दस्तुर र इजाजत दस्तुर**

(क) निवेदन बापतको दस्तुर

(अ) स्याटेलाईट टेलिभिजन बाहेकका केवुल टेलिभिजन वा अन्य सञ्चार माध्यमद्धारा कार्यक्रम प्रसारण गर्न -पाँच हजार रुपैया

(आ) डाउनलिंक र सिग्नल वितरणको लागि
- पाँच हजार रुपैया

(ख) इजाजतपत्र बापतको दस्तुर

(अ) केवुल टेलिभिजन प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्न प्रति च्यानल
- १० लाख रुपैया

(आ) सिग्नल वितरणका लागि - २५ हजार रुपैया

(इ) इन्टरनेट प्रोटोकलमा आधारित टेलिभिजन (आइपिटिभी) प्रणालीबाट कार्यक्रम प्रसारण गर्नका लागि प्रति च्यानल
- २५ हजार रुपैया

(ई) डिजिटल प्रविधिमा आधारित केवलको माध्यामबाट डिजिटल हेडईण्ड स्थापना गरी अन्य इजाजतपत्रवालालाई डिजिटल सिग्नल वितरण गर्नका लागि र आँफैले नेपालभर केवुलको माध्यमबाट ग्राहक समक्ष कार्यक्रम वितरण गर्नको लागी जतिसुकै च्यानल भएपनि - एक करोड रुपैयाँ

(उ) अन्य व्यक्ति वा सङ्गठित संस्थाबाट सिग्नल प्राप्त गरि कार्यक्रम प्रसारण गर्नको लागि प्रति च्यानल - २५ हजार ।

## अनुसूची -३

(नियम ५ को उपनियम (१), उपनियम (३) र नियम ८ को उपनियम (२) सँग सम्बन्धित)

**प्रसारण सञ्चार माध्यम सञ्चालन का लागि दिइने इजाजतपत्रको ढाँचा**

इजाजतपत्र नं. :

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नामः

२. ठेगाना :

| क) स्थायी ठेगाना : | ख) अस्थायी ठेगाना : |
|---|---|
| प्रदेशः | प्रदेशः |
| जिल्ला : | जिल्ला : |
| न.पा/गा.पा | न.पा/गा.पा |
| वडा नं : | वडा नं : |
| गाउँ/ टोल : | गाउँ/ टोल : |
| फोन नं. : | फोन नं. : |
| इमेल : | इमेल : |

३. संस्था भए :

संस्थाको नाम :

संस्था दर्ता र मिति :

४. व्यक्ति भए :

नागरिकता लिएको जिल्ला

मिति र नागरिकता नं :

प्रसारण गर्दा प्रयोग गरिने :

क) फ्रिक्वेन्सी : ख) व्याण्डः

ग) च्यानेल : घ) ट्रान्समिटर :

ङ) एण्टेनाः

(अन्य विवरण भए सो समेत खुलाउने)

५ प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :

६ प्रसारण हने क्षेत्र र जनसङ्ख्या :

७ प्रसारण शुरु हुने मिति :

८ प्रसारणमा प्रयोग हुने भाषा :

९ प्रसारण क्षमता :

१० प्रसारण समय र समयावधि :

११ प्रसारण गरिने कार्यक्रमहरु :

१२ प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरु :

१३ इजाजतपत्र बहाल रहने मिति :

१४ अन्य प्रदेशमा इजाजत लिएको, नलिएको:

१५ प्रसारण गर्दा पालना गर्नु पर्ने शर्तहरु :

क) कार्यक्रम पालना गर्दा प्रचलित कानूनको पालना गर्नु पर्नेछ।

ख) कर्णाली प्रदेश प्रसारण ऐन, २०७५ र कर्णाली प्रदेश प्रसारण नियमावली, २०७६ मा तोकिएका शर्तका अतिरिक्त मन्त्रालयले समय समयमा तोकिदिएका अन्य शर्तहरुको समेत पालना गर्नुपर्नेछ।

ग) प्रचलित कानूनद्वारा तोकिएको मापदण्ड बमोजिमको स्टुडियो र प्रविधिको प्रयोग गर्नु पर्नेछ।

कार्यालयको छाप :

इजाजतपत्र दिने अधिकारीको :

सही :

नाम :

मिति :

दर्जा :

कार्यालय :

**अनुसूची -४**

(नियम ७ को उपनियम (६) सँग सम्बन्धित)

प्रसारण सञ्चार माध्यम नविकरणका लागि दिइने निवेदनको ढाँचा

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय
सूचना तथा संञ्चार महाशाखा
कर्णाली प्रदेश ।

मैले/ हामीले मिति................................. मा प्राप्त गरेको इजाजतपत्र नं. ............. आ.व. ................. को लागि नवीकरण गरिदिन नवीकरण दस्तुर समेत बुझाई ( भौचर नं.....) आवश्यक कागजात संलग्न गरी अनुरोध गर्दछु/गर्दछौं।

...................
निवेदक

संलग्न

१ निवेदन
२ सक्कल इजाजतपत्र
३ भौचर/रसिद

## अनुसूची- ५

(नियम ७ को उपनियम (7) सँग सम्वन्धित)

## प्रसारण सञ्चार माध्यम सञ्चालनका लागि दिइने इजाजतपत्रको नवीकरण प्रमाणपत्रको ढाँचा

इजाजतपत्र नं. :

१ इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नाम :

२ ठेगाना :

(क) स्थायी ठेगाना :

प्रदेश :

जिल्ला :

न.पा./ गा.पा. :

वडा नं :

गाउँ/ टोल :

फोन नं. :

(ख) अस्थायी ठेगाना :

प्रदेश :

जिल्ला :

न.पा./ गा.पा. :

वडा नं :

गाउँ/ टोल :

फोन नं. :

३ प्रसारण संस्था वा व्यक्तिको नाम :

४ प्रसारणको माध्यम :

५ प्रसारणको क्षमता :

६ प्रसारण गर्दा प्रयोग गरिने :

(क) फ्रिक्वेन्सी :

(ख) व्याण्ड:

(ग) च्यानेल :

(घ) ट्रान्समिटर :

(ङ) एण्टेना:

७ प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :

८ प्रसारण हुने क्षेत्र र जनसङ्ख्या :

९ प्रसारण शुरु हुने मिति :

१० प्रसारणमा प्रयोग हुने भाषा :

१९ प्रसारणको समय र अवधि :

१२ प्रसारण गरिने कार्यक्रमहरु :

१३ इजाजतपत्र बहाल रहने मिति :

१४ अन्य शर्तहरु :

(क)

(ख)

(ग)

कार्यालयको छाप :

इजाजतपत्र दिने अधिकारीको :

सही :

नाम :

मिति :-

दर्जा :

कार्यालय :

<u>नवीकरणको विवरण</u>

आर्थिक वर्ष .........

नवीकरण दस्तुर तथा अन्य विवरण ............

नवीकरण मिति .......

नवीकरण गर्ने अधिकारीको दस्तखत................

## अनुसूची - ६

(नियम १० को उपनियम (१) सँग सम्बन्धित)

**सञ्चार संस्थाको स्वामित्व हस्तान्तरण गर्दा दिने जानकारीको ढाँचा**

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय
सूचना तथा संञ्चार महाशाखा
कर्णाली प्रदेश।

त्यस .................................... .......... कार्यालयमा मिति .................. मा .................. नाउँमा दर्ता भएको द.नं. ............................. को ............................ सञ्चार माध्यम (रेडियो एफ.एम. / टेलिभिजन / केवुल टि.भी / अन्य सञ्चार माध्यम) मिति ......................... मा ..................... बाट मैले/ हामीले प्राप्त गरेकोले सो सञ्चार माध्यमको स्वामित्व हस्तान्तरण भएको कागजातको प्रमाणित प्रतिलिपि संलग्न गरी यो जानकारी पेस गरेको छु / छौं। उक्त सञ्चार संस्था मेरो/ हाम्रो नाउँमा कायम गरी पाउन अनुरोध गर्दछु/छौं।

## अनुसूची - ७

(नियम १० को उपनियम (२) सँग सम्बन्धित)

**स्वामित्व हस्तान्तरण भएका सञ्चार माध्यमहरुको दर्ता राखिने ढाँचा**

| द. नं. | सञ्चार माध्यमको नाम | किसिम | दर्ता मिति | हस्तान्तरण भएको मिति | हस्तान्तरण गर्नेको नाम र ठेगाना | हस्तान्तरण गरी लिने व्यक्तिको नाम र ठेगाना | कानून बमोजिम बुझाउनु पर्ने शुल्क बुझाएको /नबुझाएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

## अनुसूची -८

(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

**प्रसारण सञ्चार माध्यमको स्वामित्व हस्तान्तरणका लागि**

**इजाजतपत्र**

इजाजतपत्र नं. :

१ इजाजतपत्रको स्वामित्व हस्तान्तरण भएको व्यक्ति वा संस्थाको नामः

२ ठेगाना :

क) स्थायी ठेगाना :

प्रदेशः

जिल्ला :

न.पा./गा.पा.

वडा नं :

गाउँ/ टोल :

फोन नं. :

इमेल :

ख) अस्थायी ठेगाना :

प्रदेशः

जिल्ला :

न.पा./गा.पा.

वडा नं :

गाउँ/ टोल :

फोन नं. :

इमेल :

**३ संस्था भए :**

संस्थाको नाम :

संस्था दर्ता र मिति :

**४ व्यक्ति भए :**

नागरिकता लिएको जिल्ला

मिति र नागरिकता नं :

५ प्रसारण गर्दा प्रयोग गरिने :

क) फ्रिक्वेन्सी :

ख) ब्याण्डः

ग) च्यानेल :

घ) ट्रान्समिटर :

ङ) एण्टेनाः

(अन्य विवरण भए सो समेत खुलाउने)

६ प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :

७ प्रसारण हने क्षेत्र र जनसङ्ख्या :

८ प्रसारण शुरु हुने मिति :

९ प्रसारणमा प्रयोग हुने भाषा :

१० प्रसारण क्षमता :

११ प्रसारण समय र समयावधि :

१२ प्रसारण गरिने कार्यक्रमहरु :

१३ प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरु :

१४ इजाजतपत्र बहाल रहने मिति :

१५ प्रसारण गर्दा पालना गर्नु पर्ने शर्तहरु :

(क) कार्यक्रम पालना गर्दा प्रचलित कानूनको पालना गर्नु पर्नेछ।

(ख) कर्णाली प्रदेश प्रसारण ऐन, २०७५ र कर्णाली प्रदेश प्रसारण नियमावली, २०७६ मा तोकिएका शर्तका अतिरिक्त मन्त्रालयले समय समयमा तोकिदिएका अन्य शर्तहरुको समेत पालना गर्नुपर्नेछ।

(ग) प्रचलित कानूनद्वारा तोकिएको मापदण्ड बमोजिमको स्टुडियो र प्रविधिको प्रयोग गर्नु पर्नेछ।

कार्यालयको छाप : इजाजतपत्र दिने अधिकारीको :

सही :

नाम :

मिति :

दर्जा :

कार्यालय :

**आज्ञाले,**

वीरेन्द्र कुमार यादव

प्रदेश सरकारको सचिव



प्रमाणित मितिः२०७६/११/०५

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**